## वैठक नं ५

मितिः २०८०।१।२६ गते मंगलबार जिल्ला सरकारी वकील कार्यालय, बर्दिया र जिल्ला प्रहरी कार्यालय बर्दियाको संयुक्त आयोजनामा सरकारी वकील र प्रहरी अनुसन्धान अधिकृतबीच सरकारी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन वैठक बसी देहाय बमोजिम निर्णय गरियो।

### उपस्थिति

सरकारी वकील

जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल, जिसवका बर्दिया

सहायक जिल्ला न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवाली, जिसवका बर्दिया

अनुसन्धान अधिकृत

प्रहरी नायव उपरीक्षक श्री हिक्मतबहादुर बोहरा, जिल्ला प्रहरी कार्यालय, बर्दिया

प्रहरी निरीक्षक जीवराज थापा क्षेत्री, जिल्ला प्रहरी कार्यालय, बर्दिया

प्रहरी निरीक्षक श्री प्रकाश थापा, जिल्ला प्रहरी कार्यालय, बर्दिया

प्रहरी निरीक्षक श्री जय नेपाल थापा, ईलाका प्रहरी कार्यालय, राजापुर

प्रहरी निरीक्षक श्री सुधिरकुमार खड्का, ईलाका प्रहरी कार्यालय, मोतिपुर

प्रहरी निरीक्षक श्री हरिहर खड्का, ईलाका प्रहरी कार्यालय, बानियाभार

प्रहरी निरीक्षक श्री कमल क्षेत्री, ईलाका प्रहरी कार्यालय, मैनापोखर

प्रहरी निरीक्षक श्री बखतबहादुर शाही, ईलाका प्रहरी कार्यालय, ढोढरी

प्रहरी निरीक्षक श्री निराजन सुनार, ईलाका प्रहरी कार्यालय, पाताभार

प्रहरी बरिष्ठ नायव निरीक्षक श्री भागीरथ चन्द, जिल्ला प्रहरी कार्यालय, बर्दिया

प्रहरी नायव निरीक्षक श्री शरमबहादुर थापा, ईलाका प्रहरी कार्यालय, बानियाभार

प्रहरी नायव निरीक्षक श्री टंकबहादुर ठकुल्ला, ईलाका प्रहरी कार्यालय, पाताभार

प्रहरी नायव निरीक्षक श्री पवन साउद, ईलाका प्रहरी कार्यालय, मैनापोखर

सहायक कर्मचारी

नायव सुब्वा श्री गोविन्द वि.क., जिल्ला सरकारी वकील कार्यालय, बर्दिया

अनुसन्धान सहायक

प्रहरी सहायक निरीक्षक श्री दर्पण राना, ईलाका प्रहरी कार्यालय, ढोढरी

प्रहरी सहायक निरीक्षक श्री दिपेन्द्र बुढाथोकी, ईलाका प्रहरी कार्यालय, बानियाभार

प्रहरी सहायक निरीक्षक श्री चेतराम कुसारी, ईलाका प्रहरी कार्यालय, मैनापोखर

प्रहरी सहायक निरीक्षक श्री अजित दहित, ईलाका प्रहरी कार्यालय, पाताभार

प्रहरी सहायक निरीक्षक श्री सरस्वती पौडेल, जिल्ला प्रहरी कार्यालय, बर्दिया

प्रहरी सहायक निरीक्षक श्री शिवनारायण चौधरी, जिल्ला प्रहरी कार्यालय, बर्दिया

प्रहरी हवल्दार श्री दौलत सिंह बुडाल, ईलाका प्रहरी कार्यालय, बानियाभार

प्रहरी हवल्दार श्री पवित्रकुमार वि.क., ईलाका प्रहरी कार्यालय, मोतिपुर

२०८०।१।२६

प्रहरी हवल्दार श्री कालिचरण थारु, जिल्ला प्रहरी कार्यालय, बर्दिया
प्रहरी सहायक हवल्दार श्री चित्रबहादुर केसी, जिल्ला प्रहरी कार्यालय, बर्दिया
प्रहरी सहायक हवल्दार श्री मोहन नगरकोटी, ईलाका प्रहरी कार्यालय, पाताभार
प्रहरी सहायक हवल्दार श्री केवल साउँद, ईलाका प्रहरी कार्यालय, राजापुर
प्रहरी सहायक हवल्दार श्री सरिफ साई, ईलाका प्रहरी कार्यालय, राजापुर
प्रहरी जवान वसन्त ऋतु नेपाली, ईलाका प्रहरी कार्यालय, मैनापोखर

आमन्त्रित

श्री आरती चौधरी, मनोसामाजिक परामर्शकर्ता, जिल्ला प्रहरी कार्यालय, बर्दिया

**छलफलका विषयहरूः**

१) प्रारम्भिक अनुसन्धान प्रतिवेदन बुझाएसँगै म्याद थपकै क्रममा अनुसन्धान गर्ने प्रहरी कार्यालयले सरकारी वकील कार्यालयमा मिसिल अद्यावधिक गर्न कागजातहरु बुझाउने सम्बन्धमा ।

२) अपराध पीडितलाई मनोसामाजिक परामर्श उपलव्ध गराउन र पीडितको पुनर्स्थापना र सामाजिकीकरणका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने सम्बन्धमा ।

३) श्रब्य दृश्य प्रमाणको अभिलेखिकरण सम्बन्धमा ।

४) दिशान्तर गर्ने सम्बन्धमा ।

१) विषय नं १ का सम्बन्धमा छलफल गर्दा महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनामा निर्दिष्ट गरे अनुरुप र नायव महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजालज्यूले जिल्ला सरकारी वकील कार्यालय, बर्दियाको मिति २०८०।१।२४ गतेको कार्यालय निरीक्षण तथा अभियोजन परिक्षण गर्ने क्रममा निर्देशन नं ५ मा प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्त हुनासाथ अपराध दर्ता कितावमा विवरण प्रविष्ट गरी प्रमाणित नक्कल मिसिलमा क्रमशः अद्यावधिक गर्दै जाने भन्ने निर्देशन अनुरुप अनुसन्धान गर्ने निकायले अनुसन्धान अधिकृतबाट नक्कल प्रमाणित गरी म्याद थपकै क्रममा सक्कल फाईलमा समावेश भएका अनुसन्धानका क्रमका कागजातहरु सरकारी वकील कार्यालयको नक्कल मिसिलमा समेत पञ्जिका बमोजिम स्पष्ट बुझिने फोटोकपी गरी मिसिल संलग्न गर्ने निर्णय गरियो । श्रब्य दृश्य प्रमाणहरु समेत अनुसन्धान अधिकृतबाट प्रमाणित गरी श्रब्य दृश्य सामाग्रीमा भएका ब्यहोराहरु उल्लेख गरी प्रमाणित गरी सक्कल र नक्कल मिसिलमा संलग्न गर्ने निर्णय गरियो । सरकारी वकील कार्यालयमा मिसिल अद्यावधिक हुँदै जाँदा अनुसन्धानकै चरणमा सरकारी वकीलबाट मिसिल पूर्ण रुपमा अध्ययन गरी प्रभावकारी रुपमा अनुसन्धान गर्नका लागि अनुसन्धान अधिकृतलाई आवश्यक निर्देशन दिई प्रमाण संकलनमा सहयोग पुग्नुका साथै अभियोजन गर्ने निकाय सरकारी वकील र अनुसन्धान गर्ने निकाय प्रहरीबीच प्रभावकारी समन्वय र अनुसन्धान गर्न मद्दत पुग्न सघाउ पुर्याउँछ ।

२) विषय नं २ का सम्बन्धमा छलफल गर्दा अपराध पीडितलाई मनोसामाजिक परामर्श उपलव्ध गराउन र पीडितको पुनर्स्थापना र सामाजिकीकरणका लागि सरकारी वकील

कार्यालय र प्रहरी कार्यालयले सरोकारवाला निकायसँग समन्वयकारी भूमिका निर्वाह गरी प्रभावकारी रुपमा सहयोग गर्ने निर्णय गरियो ।

३) विषय नं ३ का सम्बन्धमा छलफल गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १८४ मा अनुसन्धान अधिकारी समक्ष भएको बयान, कागज वा लिखतलाई श्रव्य दृश्यका साधनमा अभिलेख गर्न सकिने सम्बन्धी कानुनी व्यवस्थामा (१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा अनुसन्धान अधिकारीले कसूरबाट पीडित व्यक्ति, जाहेरवाला वा साक्षीको बयान, कागज वा कुनै लिखत सरकारी वकीलको रोहवरमा श्रव्य दृश्यका साधन मार्फत अभिलेख गर्न वा गराउन सक्नेछः

(क) कसूरबाट पीडित व्यक्ति, जाहेरवाला वा कुनै साक्षीलाई अभियुक्तले अनुचित प्रभावमा पारी वा निज उपर डर, त्रास, धम्की देखाई निजलाई अदालतमा उपस्थित हुन नदिने वा अदालतमा उपस्थित भएपनि अनुसन्धान अधिकारी समक्ष गरेको बयान वा कागजभन्दा प्रतिकूल हुने गरी बयान वा बकपत्र गराउन बाध्य गराउनेछ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा,

(ख) शारीरिक अशक्तता वा नाबालक भएको कारणले त्यस्तो व्यक्ति, जाहेरवाला वा साक्षी प्रहरी कार्यालय वा सरकारी वकीलको कार्यालयमा उपस्थित हुन नसक्ने भएमा,

(ग) प्रमाणको रूपमा अदालतमा पेश गरिने वस्तु सो वस्तु रहेको ठाउँबाट उठाएर अदालतमा ल्याउन नसकिने भएमा ।

(२) उपदफा (१) बमोजिम अभिलेख गरिएको श्रव्य दृश्यका साधनलाई अदालतले प्रमाणको रूपमा स्वीकार गर्न सक्नेछ ।

यसैगरी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम २२ मा श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट संकलित प्रमाणको अभिलेखिकरण गर्ने भन्ने कानुनी व्यवस्था रहेकोमा उक्त व्यवस्थाको कार्यान्वयनले अपराध अनुसन्धान प्रभावकारी हुने भएकाले जिल्ला प्रहरी कार्यालयले आवश्यक जनशक्ति र साधनस्रोतको व्यवस्था गर्न समन्वय गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

४) विषय नं ४ का सम्बन्धमा छलफल गर्दा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २७ मा अनुसन्धान अधिकारी र सरकारी वकीलले समेत दिशान्तर गर्न सक्ने ब्यवस्था गरेकोमा उक्त कानुनी व्यवस्थालाई प्रयोगमा ल्याई बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २८ दिशान्तर गर्दा विचार गर्नु पर्ने र दफा २९ दिशान्तर गर्दा अवलम्बन गरिने प्रक्रियालाई विचार गरी बालबालिकाको सर्वोत्तम हितलाई मध्यनजर गरी सरकारी वकीलले दिशान्तर गर्न सक्ने कानुनी व्यवस्था अनुसार बालबालिकाको सर्वोत्तम हितलाई मध्यनजर गरी अनुसन्धान अधिकारीले अनुसन्धान प्रतिवेदनमा समेत दिशान्तर सम्बन्धी राय समावेश गरी सरकारी वकील कार्यालयमा बुझाउँदा प्रभावकारी हुने भएकाले अनुसन्धान प्रतिवेदनमा समेत सिफारिस गर्ने निर्णय गरियो ।

२०८०।१।२६